डिभिजनल वन अधिकृत

# डिभिजन वन कार्यालय,म्याग्दी, बेनी

## जडिबुटी विकास कार्यक्रम सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित : २०७५।०९।१५, रुप्से राष्ट्रिय दैनिक)

यस कार्यालयको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जडिबुटी विकास कार्यक्रम तर्फको तपसिल बमोजिम कार्यक्रम संचालन गर्न अनुदानका लागि ईच्छुक **व्यवसायी, उद्यमी, सहकारी ,सामुदायिक तथा कबुलियती वन समुह वा जडिबुटी तथा गैरकाष्ठ व्यवसायमा संलग्न किसानहरुले** यस कार्यालयमा प्रथम पटक सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र तोकिएको ढाँचा (TOR) अनुसारको सिलवन्दी प्रस्तावहरु सहित दरखास्त पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

<u>संचालन गरिने कार्यक्रम</u>

**१. जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र स्थापना (बिरुवा उत्पादन हजारमा)**

**२. पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार( संघिय सरकार तर्फको ससर्त सहयोग कार्यक्रम )**

**३. पकेट क्षेत्रमा जडिबुटी खेति विकास तथा प्रवर्धन ( प्रदेश सरकारको कार्यक्रम )**

**४. जडिबुटी उत्पादन, खेति विस्तार, भण्डारण कार्यक्रम**

**५. सहकारी मार्फत जडिबुटी उत्पादन खेति विस्तार भण्डारण प्रशोधन र बजारिकरण**

**<u>तपसिल</u>**

१. प्रस्तावको कार्यसुचि ( ToR ) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र दर्ता भएको संस्था भए दर्ता प्रमाण पत्र समेत पेश गरि यस कार्यालय र यस कार्यालय अन्तर्गतका सम्वन्धित सव डिभिजन वन कार्यालय र सम्वन्धित गा.पा को कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. सिलवन्दी प्रस्ताव श्री डिभिजन वन कार्यालय म्याग्दीमा तोकिएको म्याद भित्र प्रस्ताव दाखिला गर्नु पर्ने छ । दाखिला गर्दा निम्न बमोजिम कागजातहरु पेश गर्नु पर्ने छ ।

क. आवेदन पत्र, ख. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,

ग) संस्था भएमा दर्ता भएको प्रमाण पत्र

ग. संक्षिप्त व्यवसायिक कार्ययोजना ( प्राविधिक र आर्थिक प्रस्ताव ),

घ. संवन्धित गा.पा. वा वडा कार्यालयको सिफारिस पत्र,

ङ. संयुक्त लगानीको प्रस्तावमा मुख्य र अन्य प्रस्ताव भएको संझौता पत्र

३. प्राप्त प्रस्तावहरु प्रचलित नियमानुसार मुल्यांकन गरि प्राविधिक र आर्थिक प्रस्तावका प्राप्तांक जोडेर मात्र अन्तिम नतिजा कायम गरिने छ। यसरी अन्तिम नतिजामा सवैभन्दा धेरै अंक प्राप्त गर्ने प्रस्तावक छनौट गरिने छ ।

४. **प्रस्तावहरु मिति २०७५ साल माघ ६ गते कार्यालय समय भित्र दर्ता** गरी सक्नु पर्नेछ ।

५. खेति गरिने प्रजाति भन्नाले जिल्ला स्तरिय जडिबुटी विकास फोकल टिमले निर्णय गरेका लौठसल्ला, चिराईतो, सतुवा, टिमुर प्रजातिहरु जनाउने छ ।

डिभिजनल वन अधिकृत

६ जडिबुटी विकासका लागी पकेट क्षेत्र भन्नाले तपसिल बमोजिम जनाउने छ।

| सि.नं | प्रजातिको नाम | पकेट क्षेत्र | |
|---|---|---|---|
| | | गा.पा | वडा नं./क्षेत्रको नाम |
| १ | टिमुर | मालिका गा.पा | वडा नं. ६, दिच्याम |
| | | बेनी नगरपालिका | वडा नं ९,१०,३,५ |
| | | मंगला गा.पा | वडा नं.१,३,४,५ |
| २ | चिराईतो | मालिका गा.पा | देवी स्थान, निस्कोट, रुम, दिच्याम |
| ३ | सतुवा | धौलागिरी गा.पा | मुदी, गुर्जा, मराङ |
| | | रघुगंगा गा.पा | पाखापानि, कुईनेमंगले, मल्कावाङ, चिमखोला |
| | | अन्नपूर्ण गा.पा | राम्चे, दाना |
| | | मंगला गा.पा | वडा नं ५ |
| | | मालिका गा.पा | देवीस्थान, रुम, दिच्याम |
| ३ | लौठ सल्ला | धौलागिरी गा.पा | मुदी, गुर्जा, मराङ |
| | | रघुगंगा गा.पा | पाखापानि, कुईनेमंगले, मल्कावाङ, चिमखोला |
| | | अन्नपूर्ण गा.पा | राम्चे |
| | | मंगला गा.पा | वडा नं ५ |
| | | मालिका गा.पा | देवीस्थान, रुम, दिच्याम |

७. प्रस्ताव पेश गर्दा पकेट क्षेत्रमा रहेका महत्वपूर्ण जडिबुटी भंडारण, प्रशोधन उद्योग तथा उल्लेखित जडिबुटी खेति विस्तार कार्यक्रम लाई विशेष प्राथमिकता दिईने छ।

७. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ।

८ म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरुलाई मान्यता दिइने छैन।

९ प्रस्ताव आह्वान सम्बन्धी थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०. अन्य कुराहरुका हकमा प्रचलित कानुन ( ऐन नियम निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ।

सम्पर्क नं: ०६९-५२०१३५

९८४६१८५९३१/९८४६०५०२९८